# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३६ ) काठमाडौं, कात्तिक २९ गते २०४३ साल ( अतिरिक्ताङ्क ३३ (क)

## भाग १

# शाही सन्देश

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबार

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेवबाट भारतको बगलोरमा आयोजना हुन लागेको दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन सार्कको दोस्रो शिखर सम्मेलनमा सवारी होइबक्सनु अघि वि. सं. २०४३ साल कार्तिक २९ गते देशवासीका नाममा बक्सेको सन्देश ।

प्यारा देशवासीहरू,

१. आज हामी हाम्रा बडामहारानीका साथ मित्रराष्ट्र भारतका प्रधानमन्त्री महामहिम श्री राजीव गान्धीको निमन्त्रणामा दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठन सार्कको सदस्य राष्ट्रहरूका राष्ट्राध्यक्ष तथा सरकार प्रमुखहरूको दोस्रो सम्मेलनमा भाग लिन भारतको बंगलोरतर्फ प्रस्थान गर्दैछौं ।

२. दक्षिण एशियाली क्षेत्रीय सहयोग संगठनको उद्देश्य यस क्षेत्रका भौतिक तथा मानवीय स्रोत र साधनलाई पारस्परिक हितको आधारमा सामूहिक प्रयासद्वारा परिचालन गरी सम्पूर्ण जनताको जीवनस्तरमा सुधार ल्याउनु रहेको छ। हाम्रा लागि

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क्षेत्रीय सहयोग सधैं नै गहिरो अभिरूचिको विषय रहिआएको छ र हामीले यसबारे सधैं सकारात्मक दृष्टिकोण राखी आएका मात्र नभई यसबाट दक्षिण एशियामा शान्ति, सुरक्षा र स्थायीत्वका लागि आपसी विश्वास र समझदारीमा पनि सघाउ पुऱ्याउनेछ भन्ने कुरामा हामी विश्वास राख्दछौं। आशा छ, बंगलोर शिर्षस्थ सम्मेलनले हामीलाई बितेको एक वर्षभित्र के कस्ता काम भए त्यसको लेखाजोखा गर्नुका साथै यस क्षेत्रका नेताहरूसितको सम्पर्कको नवीकरण र भेटघाट गर्न तथा आपसी हितका विषयमा विचारको आदान-प्रदान गर्ने सुअवसरसमेत प्रदान गर्नेछ।

३. हाम्रो अनुपस्थितिमा हामीबाट गरिबक्सने कार्यका लागि हाम्रा भाइ श्री ५ अधिराजकुमार ज्ञानेन्द्र वीर विक्रम शाहको अध्यक्षतामा एक राजप्रतिनिधि परिषद् गठन गरिबक्सेका छौं। मुलुकको दैनिक काम मन्त्रिपरिषद्ले गर्ने नै छ। आशा छ, सधैं झैं समस्त देशवासीहरूले नेपाल र नेपालीको हितलाई सोची देशमा अमनचैन कायम राख्नमा आ-आफ्ना क्षेत्रबाट सहयोग गरी नै रहने छन्।

श्री पशुपतिनाथले हामी सबैको कल्याण गरून्!

जय नेपाल!

हुकुम बक्से बमोजिम,
रञ्जनराज खनाल
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

४८०



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।